संघीयसंसद
संसदीय सुनुवाई समिति

संसदभवन, सिंहदरबार
काठमाडौं, नेपाल ।
फोन/फ्याक्स:०१ ४२००२७७,
इमेल:parl_hearing@parliament.gov.np

२०७५/१०/०३ गते, विहीबार

# २९औं बैठकको निर्णय

१. समितिको आजको बैठकमा थाइल्याण्ड र फ्रान्सका लागि नेपाली राजदुतको पदमा प्रस्तावित व्यक्तिहरु क्रमश: श्री गणेशप्रसाद ढकाल र श्री दीपक अधिकारीसँग उक्त पदका सन्दर्भमा उहाँहरुको योग्यता, अनुभव, अभिरुचि तथा जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा आ- आफ्नो अवधारणा, कार्ययोजना र सोंचका सम्बन्धमा छलफल गरियो ।

२. नेपाल सरकार परराष्ट्र मन्त्रालयको प. सं. GA/PA/०७५/०७६, च. नं. १२३, मिति २०७५/०९/१२ को पत्रानुसार थाइल्याण्ड,स्वीट्जरल्याण्ड,क्यानाडा,फ्रान्स र कुवेतका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि क्रमश: श्री गणेशप्रसाद ढकाल, श्री मणिप्रसाद भट्टराई, श्री भृगु ढुङ्गाना, श्री दीपक अधिकारी र श्री दुर्गाप्रसाद भण्डारीलाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाईका लागि पठाइएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम श्री गणेशप्रसाद ढकाल र श्री दीपक अधिकारीको सुनुवाई गर्दा प्रस्तावित व्यक्तिको योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति(कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम उक्त पदका लागि प्रस्तावित श्री गणेशप्रसाद ढकाल र श्री दीपक अधिकारीको नाम सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

३. स्वीट्जरल्याण्ड,क्यानाडा र कुवेतका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि प्रस्तावित व्यक्तिहरु क्रमश: श्री मणिप्रसाद भट्टराई, श्री भृगु ढुङ्गाना र श्री दुर्गाप्रसाद भण्डारीको संसदीय सुनुवाई समितिको अर्को वैठकबाट गर्ने निर्णय गरियो ।